परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

• वर्ष २ • अंक १२९ • २०८० असोज २३ गते मंगलबार • (10-October-2023) • पृष्ठ ४ • मुल्य रु ५।- www.talknepaltv.com




हरेक वर्ष ५ हजारलाई रोजगारी दिने मेयर बालेनको घोषणा

## घरमै गएर विरामीको स्वास्थ्य अवस्था बुझ्दै मेयर क्षेत्री

■ टक नेपाल



बर्दिबास । बर्दिवास नगरपालिका ८ हातिलेटका आर्थिक अवस्था कमजोर भएकी सुत्केरी अनिता साबकोटालाई बर्दिवास नगर पालिकाले स्वास्थ्य उपचारमा सहयोग गरेका छन । बच्चा गर्व अवस्थामा रहेको तिन महिनामा उनी अशक्त भएकी थिईन । गर्भ अवस्थामा डिलडुल गर्न नसक्ने,दैनिकी कामकाज गर्न नसक्ने र बच्चालाई चाहिने व्यान नभएपछि उनको समय नपुगदै सल्यक्रीया गरियो । आर्थिक अवस्था कमजोर भएकी सावकोटाले बच्चा जन्मेको केही दिनमै अस्पताल बाट घर आएर सुत्क अवस्था घरमै विताईन । अहिले उनी सुत्केरी अवस्थामा घरमै बस्दै आईरहेकी छिन । बच्चा भएपनि उनको स्वस्थ्यमा केही सुधार नदेखिएपछि उनको श्रीमान मनिस सबकोटाले थप उपचारका लागि सहयोग माग्न भौतारिए ।

बाँकी पृष्ठ ३ मा

## सरकारद्वारा आज राष्ट्रिय शोकको घोषणा

■ टक नेपाल

काठमाडौँ । सरकारले मङ्गलबार राष्ट्रिय शोकको घोषणा गरेको छ । सिंहदरबारमा सोमबार बसेको मन्त्रिपरिषद् बैठकले इजरायलमा मृत्यु भएका नेपालीको शोकमा मङ्गलबार राष्ट्रिय शोक घोषणा गरी देशभरका सरकारी कार्यालय र विदेशस्थित नेपाली नियोगहरुमा राष्ट्रिय झण्डा आधा झुकाउने निर्णय गरेको हो । बैठकले इजरायलको आक्रमणमा परी मृत्यु भएका व्यक्तिको परिवारलाई १०/१० लाख राहत दिने निर्णय पनि गरेको छ भने द्वन्द्वग्रस्त ठाउँमा रहेका नेपाल फर्किन चाहने नेपालीलाई यथाशीघ्र ल्याउनका लागि तयारी गर्ने निर्णय गरेको सरकारका प्रवक्ता रेखा शर्माले जानकारी दिनुभयो । बैठकले परराष्ट्र मन्त्रालयले इजराजयल सरकारसँग समन्वय गरी यस घटनामा निधन भएका नेपालीहरुको शव यथाशीघ्र स्वदेश ल्याउने , इजरायलस्थित नेपाली दूतावासले इजरायल सरकारसँगको समन्वय र सहयोगमा यस घटनामा परी बेपत्ता भएका नेपालीको खोजीमा तीव्रता दिने एवं घाइतेहरुको तत्काल उपचारका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने निर्णय गरेको प्रवक्ता शर्माले बताउनुभयो । त्यस्तै अध्ययनलगायत अन्य प्रयोजनका लागि इजरायलमा रहेका नेपालीहरुलाई नेपाल आउन चाहेमा नेपाल सरकारले नेपाल एअरलाइन्स र हिमालय एअर लाइन्सको विमान चार्टर गरी यथाशीघ्र ल्याउन प्रबन्ध गर्ने निर्णय भएको उहाले बताउनुभयो । त्यस्तै बैठकपछि परराष्ट्रमन्त्री एनपी साउदले इजरायलमा नेपालीहरुलाई सुरक्षित स्थानमा ल्याउनका लागि पहलकमदी भइरहेको जानकारी दिनुभयो । इजरायलस्थित नेपाली दूतावासले इजरायलको जोखिमयुक्त क्षेत्रबाट नेपालीहरुको सुरक्षित उद्धार गर्न समन्वय र सहजीकरण गर्ने उहाले बताउनुभयो । मन्त्रिपरिषद्ले इजरायलमा



रहेका नेपालीहरुको उद्धारको लागि आवश्यकताअनुसार इजरायल सरकार एवं छिमेकीलगायत अन्य मित्र राष्ट्रहरुसमेतको सहयोग लिने निर्णय गरेको छ भने यस घटनाका सम्बन्धमा मानवीय संवेदनशीलता, परिवारजनमा पर्ने मानसिक आघात तथा समाजमा पर्ने असरसमेतलाई ध्यानमा राखी असान्दर्भिक र असंवेदनशील सामग्रीहरु सञ्चारमाध्यम र सामाजिक सञ्जालमार्फत प्रवाह नगर्न र आ-आफ्नो क्षेत्रबाट जिम्मेवार भूमिका निर्वाह गर्न सबैमा आह्वान गरेको छ ।




## मधेश सरकार कार्यविधि मिचेर अनुदान उपलब्ध गराएको खुलासा



■ टक नेपाल

धनुषा । मधेश प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराउँदै आएको ससर्त, विशेष र समपूरक अनुदान मनपरी वितरण भएको पाइएको छ । अर्थ मन्त्रालयबाट वितरण हुने अनुदानमा स्वार्थ मिल्ने पालिकालाई कार्यविधिविफरीत टुत्रे र थप योजना दिएको पाइएको हो । स्वार्थ नमिल्ने ६ स्थानीय तहलाई भने सम्पूर्ण अनुदानबाट वञ्चित गरिएको छ । अनुदान वितरणमा मनपरी भएको बारे गुनासो बढेपछि प्रदेशसभाले असार अन्तिम साता विशेष संसदीय छानबिन समिति गठन गरेको थियो । दुई महिना म्याद पाएको समितिले १५ दिन थपे पनि प्रतिवेदन बुझाएको छैन । गत आर्थिक वर्षमा मन्त्रालयले सप्तरीको बलान बिहुल गाउँपालिका, धनुषाको विदेह नगरपालिका, रौतहटको फतुवा विजयपुर नगरपालिका, बौधीमाई नगरपालिका, बाराको फेटा गाउँपालिका र विश्रामपुर गाउँपालिकामा ससर्त, समपूरक र विशेष अनुदानमध्ये कुनै पनि पठाएको छैन । प्रदेश ससर्त अनुदानसम्बन्धी कार्यविधि २०७८ को दफा ४ (२) मा गाउँ र नगरपालिकामा २५ लाख र उपमहानगर, महानगर लाई ५० लाखभन्दा कम बजेटका योजना तथा कार्यक्रम सञ्चालन गर्न अनुदान दिन नमिल्ने उल्लेख छ । तर मन्त्रालयले वीरगन्ज महानरगरलाई कल्भर्ट, आन्तरिक सडक निर्माण, सडक ढलान, नाला निर्माणका लागि २५र२५ लाखका ११ टुक्रे यो जनामा अनुदान दिएको छ । जनकपुरधाम उपमहानगरमा २५/२५ लाखका २, कलैया उपमहानगरमा २५/२५ लाखका २ र जितपुर सिमरा उपमहानगर मा २५ लाखका एकमात्र योजनामा अनुदान दिएको पाइएको छ । कार्यविधिको दफा ५ को उपदफा ८ बमोजिम अर्थमन्त्रीको संयोजकत्वमा रहेको यो जना तथा कार्यक्रम छनोट समितिले अनुदानबारे निर्णय गर्ने व्यवस्था गरिएको छ । सप्तरीको बलान बिहुल गाउँपालिका, रौतहटको फतुवा विजयपुर नगरपालिकाले योजना माग नै नगरेका कारण दिन नसकिएको हो ।

बाँकी पृष्ठ २ मा

## आनन्दको मृत्युले शोकमा सपही

■ टक नेपाल



जनकपुरधाम । इजरायलमा मारिएका दश नेपालीमध्ये धनुषाको सपही ४ का आनन्दको गाउँ अहिले शोकमा डुबेको छ । तिन बहिनी, बुवा, आमा र हजुर आमाको साहाराको रुपमा रहेका घरका जेठा सन्तान आनन्दको मृत्युले परिवारमात्र नभएर सम्पूर्ण गाउँ नै शोकमा डुबेको छ । घरको आंगनमा वियोगमा मृतक २२ वर्षीय आनन्दका बुबा कहिले मुर्छा परिरहेका छन भने कहिले चिच्चायाई रहेका छन । आनन्द इजरायल गएको २७ दिनमै मृत्युको खबर सुन्नु पर्छ भन्ने कसैले कल्पनाा पनि गरेका थिएनन । आनन्दकी आमा शिवकली देवी, हजुर आमा बसमतिया देवी साह र कान्छी बहिनी आरतीको हालत पनि हेर्नै नसकिने छ । आनन्दका बुवा सोमनका अनुसार टु लर्न टु वर्क भिसामा आनन्द इजरायल गएका थिए । यता, परिवारजनलाई भेट्न पुगेका धनुषाका प्रमुख जिल्ला अधिकारी चक्र पाणाी पाण्डेले नेपाल सरकार र परराष्ट्र मन्त्रालयसंग आफ्नो तर्फबाट समन्वय गरी आनन्दको शव ल्याउन पहल गरिरहेको बताएका छन । इजरायलमा हमासले गरेको आक्रमणमा परी १० जनाको मृत्यु भएको छ भने केही घाइते भएका छन् । घाइते भएकाहरुको उपचार स्थानीय अस्पतालमा भइरहेको छ । त्यस्तै, अन्य ठाउँमा रहेका नेपालीहरुलाई सरकारले जारी गरेको विभिन्न सम्पर्क नम्बरमा सम्पर्क गरी स्थिति बुझ्नुका साथै, नेपाल फर्काउने वातावरण मिलाइरहेको जनाइएको छ ।

## ....सम्पादकीय

### कोशी प्रदेशमा संघीयताको भद्दा मजाक

नेपालले भर्खर संघीय लोकतान्त्रिक गणतन्त्रको देशको रुपमा अभ्यास गरिरहेको छ ।संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको लामै समय भएपनि संघीयताको असली अभ्यास गरेको चैं एक दशक पनि भएको छैन । एक दशकमा नै सबै कुरा ठीक ठाक त नहोला तर त्यसको प्रारुप भने देखिनु पर्दछ । अहिले देशले संघीयताको नयाँ अभ्यास गरिरहेकाले पनि संघीयता ठीक ढंगले भने चल्न आवश्यक छ ।तर, खासगरी नेपालको कोसी प्रदेशको सवालमा भने संघीयताका विषयमा अनौठो खालको संकेत देखिएको छ । जुन एकदमै लोकतन्त्रका लागि राम्रो संकेत होइन । संघीयतालाई बलियो बनाउनका लागि पनि कोशी प्रदेशमा भएको खेलले कुनै एक राजनीतिक दललाई त फाइदा होला तर समग्रमा भने प्रणाली नै कमजोर हुनेछ। यसको सम्पूर्ण अपजस अहिलेका दलहरुले नै लिनु पर्दछ ।त्यसैले कोशी प्रदेशमा सत्ताका लागि देखिएको संघर्षको अन्त्य हुन आवश्यक छ । जबसम्म राजनीतिक दलहरुमा सत्ताको चाहना रहिरहन्छ अनि कोशी प्रदेशको समस्या समाधान हुनेछैन र यो रोग अन्य प्रदेशमा पनि नसर्ला भन्न सकिन्न। विशेष गरी परिवर्तनका लागि लडेको भनिएका दलहरु यो विषयमा गम्भीर र जिम्मेवार बन्न आवश्यक छ न कि रमिते बनेर एक अर्कालाई सिध्याउन खेलमा लागिरहन।




हरेक नेभेषका घटनाहरुको सुष्म अध्यन गरेर सत्यतथ्य समाचार पस्किन हाम्रो टिम हरपल कटिबद्ध छ ।

# दोहोरो अंकले घट्यो नेप्से



■ टक नेपाल

काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको गिरावट देखिएको छ। आज (सोमबार) परिसूचक १२ दशमलव ५८ अङ्कले घटेर १ हजार ९०८ दशमलव ६६ को बिन्दुमा कायम भएको हो । आज २८७ कम्पनीको ४३ लाख २७ हजार १७९ कित्ता शेयर ४८ हजार ४४४ पटक खरिदबिक्री हुँदा १ अर्ब १७ करोड १ लाख ७२ हजार ७२२ रुपैयाँ बराबरको कारोबार भएको छ । आजको कारोबारपछि कुल बजार पुँजीकरण २९ खर्ब ११ अर्ब २५ करोड १५ लाख ३० हजार ५०१ रुपैयाँ कायम भएको छ । उत्पादन तथा प्रशोधन समूहको उपसूचक शून्य दशमलव ९६ प्रतिशत र व्यापार समूह शून्य दशमलव ४९ प्रतिशत बढेको छ भने बाँकी सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै जीवन बीमा समूहको उपसूचक एक प्रतिशतले घटेको छ। आजको कारोबारमा सयपत्री हाइड्रो पावर लिमिटेडको शेयर मूल्यमा सबैभन्दा धेरै ६ दशमलव ८८ प्रतिशतको वृद्धि देखिएको छ । सबैभन्दा धेरै घट्नेमा भने बाराही हाइड्रोपावर पब्लिक लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य ९ दशमलव ९९ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै नबिल बैंक लिमिटेडको ३ करोड ५१ लाख ४५ हजार ३६९ रुपैयाँ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सानिमा इक्विटी फन्डको १ लाख ६९ हजार १९१ कित्ता शेयर किनबेच भएको छ ।



अब विश्वको कुनै कुनाबाट एक क्लिकमा हेर्नुस्
मधेश र देश विदेशको हरेक खबर
www.talknepaltv.com
बर्दिबास मिडिया प्रा.लि.,
बर्दिबास, महोत्तरी (मधेश प्रदेश)
९८०७८२१०१४, ९८६३२१०१४

खुशीको खबर सिन्धुली जिल्लामा पहिलो पटक प्याराग्लाइडिङ उडान संचालमा आएको छ । प्याराग्लाइडिङ गर्न चाहने व्यक्तीलहरुले आफ्नो नाम बुकिङ्ग गराउन चाहेमा हामिलाई सम्फनुहोस् ।



सुशिल ढकाल
०४४-५५०६७०, ९८४९७३२९९७
सम्पर्कको लागि
श्री कुसुम कृषि सहकारी संस्था
बर्दिबास, महोत्तरी



■ टक नेपाल

काठमाडौं । काठमाडौं महानगर पालिका नगर प्रमुख बालेन्द्र साह (बालेन)ले हरेक वर्ष ५ हजारलाई नयाँ रोजगारी दिने घोषणा गरेका छन् । आइतबार भिडियो सन्देश जारी जर्दै मेयर बालेनले तीन बर्षभित्र कम्तीमा १५ हजार लाई सीपमुलक तालिम समेत दिने घोषणा गरेको हुन् । बालेनले श्रम बैंक मार्फत रोजगार दिने योजना सार्बजनिक गर्दै महानगरमा रहेका दक्ष, अर्धदक्ष तथा अदक्ष कामदारहरु र रोजगार दाताहरूलाइ एउटै प्लेटफर्ममा ल्याएर श्रम बैंकको स्थापना गर्दै रोजगारीको अवसर सिर्जना गर्ने योजना ल्याएका हुन् । महानगरका स्थायी बासिन्दा, महानगर का करदाताहरु तथा महानगरभित्र भाडामा बस्ने सबै नेपाली नागरिकहरु महानगर को यस श्रम बैंकमा आबद्ध हुन सक्ने बताइएको छ । मेयर बालेनले आइतबार भिडियो सन्देश जारी गर्दै श्रम बैंकमा आवद्ध भएका जनशक्तिलाई ३ क्षेत्रमा विभाजन गरेर परिचालन गर्ने उल्लेख गरेका छन्। महानगरको 'जब पोर्टल' मार्फत अन्य सरकारी निकाय, गैरसर कारी संघ संस्था, प्राइभेट कम्पनी, संघ संस्था, अन्तर्राष्ट्रिय संघ संस्थाहरु परिचालन गर्ने उनले बताएका छन् । श्रम बैंकमा सूचीकृत भएका सबै किसिमका कामदारहरुलाई काम गर्दाका महानगरले अनिवार्य बीमा गरिदिने र महानगरको गौरवको योजना मार्फत विभिन्न १५ स्थानहरुमा महानगरको आफ्नै ट्रेनिङ सेन्टर स्थापना गर्ने योजना समेत बालेनले सार्बजनिक गरेका छन् ।

# मधेश सरकार कार्यविधि .........

मन्त्रालयले विशेष संसदीय छानबिन समितिलाई पठाएको कागजातमा योजना तथा कार्यक्रम छनोट समितिको निर्णयबिना नै अनुदान पठाएको छ। अर्थ मन्त्रालयले स्थानीय तहमा पठाएको अनुदानमा व्यापक त्रुटि पाइएको विशेष संसदीय छानबिन समितिका संयोजक उपेन्द्र महतोले बताए। 'कार्यविधि उल्लंघन गरी अनुदान वितरण गरेको छ,' उनले भने, 'प्रदेशमा अनुदान वितरण गर्न अर्थ मन्त्रालयले कार्यविधि बनाएको छ। कार्यविधिलाई मन्त्रीले आफू अनुकूलका स्थानीय तहलाई जथाभावी अनुदान पठाएको छ।' विशेष अनुदानसम्बन्धी कार्यविधिमा २५ लाखभन्दा कमका योजना तथा कार्यक्रमका लागि अनुदान उपलब्ध नगराउने उल्लेख भए पनि मन्त्रालयले ४ लाखसम्मका टुक्रे योजनामा पनि बजेट दिएको पाइएको छ। सिरहाको कर्जन्हा नगर पालिका-४ मा खानेपानी बोरिङका लागि ४ लाख रुपैयाँ अनुदान दिएको छ भने रौतहटको देवाही गोनाही नगर पालिकामा कृषि बोरिङ जडान गर्न ५ लाख रुपैयाँ अनुदान दिएको पाइएको छानबिन समिति संयोजक महतोले बताए।

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाभिजज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०५ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | अग्रज तथा सहयोगी जुट्नाले सोचेको लाभ उठाउन सकिनेछ। | तुला | प्रयत्न गर्दा अवसर पाइनेछ। परोपकारी काममा सहभागी भइनेछ। |
| बृष | परिस्थितिवश पहिलेको निर्णय फेरिन सक्छ। | वृश्चिक | अस्वस्थ शरीर लिएर काममा जुट्नुपर्ने अवस्था आउन सक्छ। |
| मिथुन | पहिलेको सफलताले महत्त्वाकांक्षा बढाउनेछ। | धनु | घुमफिर तथा मनोरञ्जनको समय छ। |
| कर्कट | आकस्मिक खर्च बढ्नेछ भने आम्दानी कम हुनेछ। | मकर | पहिलेको सफलताले हौसला जगाउनेछ भने पछिका लागि विशेष काममा जग बसाउने मौका छ। |
| सिंह | प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। | कुम्भ | कामको मेसो नमिल्दा पछि परिनेछ। |
| कन्या | नयाँ कामले नाम र दाम दिलाउनेछ। | मीन | छातीको समस्याले स्वास्थ्य कमजोर रहनेछ। |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

# महिला पत्रकारको क्षमता र दक्षता बढाउन सरकारको सहयोग हुन्छ : सञ्चारमन्त्री

■ टक नेपाल




काठमाडौँ । प्रेस काउन्सिल नेपालले पत्रकार महिलालाई लक्षित गरी प्रविधिमैत्री पत्रकारिता तालिम सुरु गरेको छ । सोमबार काठमाडौँमा सुरु भएको तालिमको उद्घाटन गर्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले महिला पत्रकारको क्षमता र दक्षता बढाउन प्रविधिलक्षित तालिम फलदायी हुने विश्वास व्यक्त गरिन् । ३ दिनसम्म चल्ने तालिममा पहिलो चरणमा बाग्मती प्रदेशका २० जना पत्रकार सहभागी छन् । मन्त्री शर्माले व्यवसायिक र मर्यादित पत्रकारिताका लागि यस्ता खाले तालिम आगामी दिनमा अझ सशक्त ढङ्गबाट अगाडि बढाउनुपर्ने उल्लेख गरिन् । 'प्रेस काउन्सिलले सुरु गरेको छ । यसलाई बढाउँदै जानुपर्छ । सरकारको समन्वय र सहयोग रहनेछ, मन्त्री शर्माले भनिन्, 'महिलालाई एक्सपर्ट जर्नालिस्ट बनाउने कार्यमा सबै सरोकारवाला निकाय लाग्नुपर्छ ।' प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले प्रविधिको माध्यमबाट पोख्त पत्रकारिता गराउने उद्देश्यले तालिम सञ्चालन भएको जानकारी दिए । प्रविधिमैत्री नहुँदा पत्रकारिताबाटै पलायन हुने र अवसरबाट वञ्चित हुने अवस्था हुन नदिने प्रयासमा काउन्सिल रहेको उनको भनाइ थियो । कार्यक्रममा बोल्दै नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेलले प्रविधिसँग जोडिएर मात्रै समयानुकूल पत्रकारिताको अभ्यास हुने उल्लेख गरे । न्यूनतम पारिश्रमिक निर्धारण समितिका अध्यक्ष संगीता खड्काले नयाँ पुस्तालाई पत्रकारितामा आकर्षण गर्न र पेसामा रहेकालाई टिकाउन यस्ता तालिम महत्त्वपूर्ण हुने बताए । यस्तै सञ्चारिका समूहका अध्यक्ष बिमला तुम्खेवाले प्रविधिको उच्चतम प्रयोगबाट गरिने पत्रकारिताले पत्रकार महिलालाई गुणात्मक, सचेत र व्यवसायिक रूपमा अगाडि बढाउन सघाउने बताइन् ।

# फेरी रोकियो चालक अनुमतिपत्र छपाइ

■ टक नेपाल

काठमांडौ'स्मार्ट' चालक अनुमतिपत्र छपाइका लागि आवश्यक कार्ड नहुँदा आकस्मिकबाहेक अरु छपाइ रोकिएको छ । अनुमतिपत्र छाप्नका लागि कार्ड सकिएकाले अहिले आकस्मिकका लागि दैनिक तीन सय ५० भन्दा बढी नछापिएको यातायात व्यवस्था विभागले जनाएको छ । विभागले खरिदका लागि प्रक्रिया अघि बढाइसकेको र अबको केही समयमा आइपुग्ने विभागका प्रवक्ता ईश्वरीदत्त पनेरुले जानकारी दिए । अहिले आकस्मिक रुपमा सेवाग्राहीका लागि मात्रै अनुमतिपत्र छापिएको तीन साताभन्दा बढी भएको विभागले जनाएको छ । नियमित रुपमा हुने छपाइ रोकिएपछि विभागका लागि छाप्नुपर्ने अनुमतिपत्रको सं्या भने बढीरहेको छ । थप कार्ड खरिदका लागि ठेक्काको तयारी अघि बढाइएको प्रवक्ता पनेरुले बताए । अहिले खरिद गरिएका कार्ड पहिलो पटक छ लाख आउन लागेका बताइएको छ । त्यसपछि दोस्रो पटकमा पनि छ लाख खरिदका लागि प्रक्रिया अघि बढाइएको विभागले जनाएको छ । सरकारले नागरिकलाई सजिलो रुपमा सेवा दिन 'स्मार्ट' चालक अनुमतिपत्र सुरु गरेको भए पनि सेवा व्यवस्थित बनाउन नसक्दा पटक पटक नागरिकले दुःख पाइरहेका छन् । कहिले आवश्यक उपकरण वा सामग्री खरिदका कारण त कहिले व्यवस्थापनका कारण नागरिकले समयमा अनुमतिपत्र पाउन सेका छैनन् । एसियाली विकास बैंकको सूचना र सञ्चार प्रविधि परि योजनाअन्तर्गत भएको सम्झौ ताका आधारमा चार प्रिन्टर र तीन लाख ५० हजार कार्ड खरिद गरिएको थियो । अनुमतिपत्र छाप्न समय लाग्ने मात्रै होइन लामो समय कुरेर पाएका कार्डमा समयसमयमा समस्या आइरहेको सेवाग्राही बताउँछन् । लामो समय रोकिएर एकैपटक कार्ड छापिँदा यातायात कार्यालयमा सेवाग्राहीको भीड हुने गरेको छ । एक स्थानीय तहभित्रको यातायात व्यवस्थापनको जिम्मेवारी पालिका, दुई वा त्योभन्दा बढी पालिकामा भए प्रदेश र अन्तर प्रदेश चल्ने सवारीसाधन र यातायात व्यवस्थापनको जिम्मेवारी सङ्घीय सरकारको हुने उल्लेख छ । फरक सरकारबीच समन्वय नहुँदा पनि समय समयमा सेवाग्राहीले समस्या भोग्दै आएका छन् । सङ्घीय सरकारले ढिलाइ गरेको भन्दै कतिपय प्रदेशले आफैँ अनुमतिपत्र छाप्न उपकरण खरिदको योजना बनाउन थालेका छन् । ***रासस***

# घरमै गएर विरामीको स्वास्थ्य अवस्था बुझ्दै मेयर........

भौतारिएको अवस्थामा बर्दिवास अस्पतालमा आएर मेयर क्षेत्री संग सहयोग मागेका थिए । सोही अनुसार बर्दिवास नगरपालिका आईतवार घरमै पुगेर सहयो ग गरे । भदौ २९ गते जनकपुर को एक अस्पतालमा सन्तानको रुपमा छोरा जन्मीएको हो । अहिले बच्चाको स्वास्थ्यमा कुनै समस्या नदेखिएको बर्दिवास अस्पततालका मेसु डा. कृष्ण महर्जनले बताईन । मेसुका अनुसार बच्चालाई सेहार्न आमाको धेरैनै जिम्मेवारी एवं महत्व हुन्छ तर आमाको हात खुट्टामा अशक्त भएपछि मेयर सवाको आदेश अनुसार हामीले अहिले बर्दिवास अस्पताल ल्याएका छौ । आईतवार घरमै गएर चेकजाच गरी थप उपचार का लागि अस्पताल ल्याएको र अहिले उपचार भईरहे को डा. महर्जनले बताईन । यता आफैले घरमै गएर विर ामीको स्वास्थ्य अवस्था बुझ्दै बर्दिवास नगरपालिका मेयर प्रहलाद कुमार क्षेत्रीले भने,' हाम्रो नगरपालिकामा यती जटिल विर ामी रहेको थाह पाउन साथ हामी घरमै आए । अहिले हामी संगै आएका डाक्टरहरुको सल्लाह अनुसार बर्दिवास अस्पतालमा उपचारका लागि अस्पताल प्रमुखलाई निर्देशन दिएको बताए । नगरबासी स्वस्थ्य रहे मात्रै नगरको विकास सम्भव छ । नगरबासी नै स्वस्थ्य रहदैन भने विकासको कुनै औचित्य छैन । हिस्टपुष्ट स्वस्थ्य नागरिक भए, आयआर्जन गरे, व्यपार व्यवसाय गरे मात्रै उसले नगरपालिकालाई बुझाउनु पर्ने कर बुझाउन सक्षम हुन्छ र नगर समृद्ध हुन् सक्छ ।' उनले थपे, 'नगरबासी नै स्वस्थ्य रहदैन भने नगरपालिकाको कसरी विकास सम्भव हुन्छ । म निर्वाचित भए लगतै स्वास्थ्य से वालाई पहिलो प्रथमिक्ताका साथ लिदै अगाडी बढेको क्षेत्री बताए ।' आज बर्दिवास नगरपालिकाको जन्ताहरुलाई कुनै किसिमको समस्या भए सिधै हाम्रो सचिवालयमा गुनासो गरेलगतै हामी तुरुन्त समस्या समधानमा लाग्न सचिवालयलाई निर्देशन दिनेगरेको मेयर क्षेत्रीले बताए । यता बर्दिवास नगरपालिका सहयोगमा निःशुल्क स्वास्थ्यसे वा पाएका साबकोटाको परि वार खुसी भएका छन ।












# महोत्तरी प्रहरीद्वारा ५९ लाखभन्दा बढीको सामान बरामद

■ टक नेपाल



महोत्तरी। महोत्तरी प्रहरीले भन्सार छली गरेर ल्याएको ५९ लाखभन्दा बढीको सामान बरामद गरेको छ। शुक्रबार दिउँसो बर्दिबास नगर पालिका १४ ट्राफिक कार्यालय अगाडी पुर्व पश्चिम राजमार्ग हुदै ट्रकमा भन्सार छली चोरी निकासी गरि बिभिन्न किसिमका सामानहरु ल्याउदै गरेको सूचनाको आधारमा सामान बरामद गरिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय तथा ईलाका प्रहरी कार्यालय बर्दिबासबाट संयुक्त रुपमा खटिएको प्रहरी टोलिले बा ५ ख ८३८६ नम्वरको मिनी ट्रकलाई चेकजाँच गर्दा उक्त ट्रकबाट सुटको कपडा ३१०१ पिस, साडी ११९ पिस र बिभिन्न किसिमको कस्मेटिक क्रिमहरु भएको काटुन १८९ थान गरि अन्दाजी ५९ लाख १० हजार ६ सय बराबरको बरामद गरेको प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक दिलिपकुमार गिरीले जानकारी दिए । यस्तै, ट्रकको अन्दाजी २० लाख र ट्रक चालक मकवानपुरको मनहरी गाउँपालिका वडा नं. ०३ वस्ने ४५ वर्षीय सुरेश बललाई प्रहरीले नियन्त्रणमा लिई तत्काल जरुरी पक्राउ पुर्जी दिई पक्राउ गरी उक्त नम्वरको ट्रक र ट्रक चालक सहित आवश्यक कारबाहीको लागी जलेश्वर भन्सार कार्यालय मलिवारा पठाईएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

# शिक्षक सरुवामा विद्यार्थीको विरोध, केही विद्यार्थी घाइते

■ टक नेपाल



जनकपुरधाम । शिक्षकहरुलाई सरुवा गरिएको विरोधमा विद्यार्थीहरु आन्दा लित भएका छन । पर्साको विन्दवासिनी गाउँपालिकास्थित बहुअर्वा भाठामा रहेको राधा कृष्ण चौर सिया माध्यमिक विद्यालयको शिक्षकहरुलाई सरुवा गरेको विरोधमा विद्यार्थीहरु आन्दोलित भएका छन्। राजनीतिक पूर्वाग्रहले शिक्षकहरुलाई सरुवा गरिएको भन्दै विवाद उत्पन्न भएको छ। गाउँपालिका कार्यालयले शिक्षकहरुको सरुवा गरेपछि त्यसको विरोधमा विद्यार्थीहरु आइतबार गाउँपालिका कार्यालय घेराउ गर्न पुगेका थिए । एकै पटक आधादर्जन भन्दा बढी शिक्षकहरुलाई गरिएको सरुवा फिर्ताको माग गर्दै विद्यार्थीहरुले गाउँपालिका घेराउ गरेका थिए । अवस्था अनियन्त्रित भएपछि प्रहरीले बल प्रयोग गर्दा विद्यार्थीहरु घाइते भएको जनाइएको छ । गाउँपालिका घेराउ गर्न पुगेको बेला प्रहरी र विद्यार्थीबीच झडप भएको थियो। झडपमा कृष्ण मुखिया, विशाल यादव, अरबिन्द पटेल, निरज यादव, खेम बहादुर गोढ र अनुराग कुमार यादवलाई चोटपटक लागेको छ । घाइते भएका कक्षा ९ मा अध्ययनरत छात्र खेमबहादुर गोढले आफूहरु गुनासो लिएर गाँउपालिकामा आउँदा एक्कासी प्रहरीले लाठीचार्ज गरेर दमन गरेको बताए। शिक्षकद्वय विनोद राउत र धर्मेन्द्र चौबेको सरुवा पछि पठनपाठन प्रभावित भएकोले आफूहरुले सरुवा फिर्ताको माग राखेको गोढको भनाइ थियो । प्रधानाध्यापक नन्दु प्रसाद यादवले विद्यालयमा व्यापक अनियमितता गरेको भन्दै उनको सरुवा हुनुपर्ने माग आफूहरुको रहेको गोढले बताए। यस्तै प्रदर्शनमा सहभागी कक्षा ९ मै अध्ययनरत छात्रा नितु यादवले प्रहरीले गुण्डागर्दी शैलीमा विद्यार्थीहरुमाथि लाठी बर्साएको बताइन् । उनले विद्यालयमा आफूहरुको मागको सुनुवाइ नभएपछि गाउँपालिकामा आउँदा प्रहरीले कुटपिट गरेर घाइते बनाएको आरोप लगाइन् । घटनास्थलमा खटिएका ईलाका प्रहरी कार्यालय पोखरियाका प्रहरी निरीक्षक मोहनविक्रम केसीले अवस्था अनियन्त्रित भएपछि नियन्त्रण गर्दा केही विद्यार्थीहरु घाइते भएको बताए । अवस्था नियन्त्रण भएपछि समस्या समाधानका लागि आन्दोलनरत विद्यार्थी र गाउँपालिकाका जनप्रतिनिधिबीच छलफलको प्रयास भइरहेको बताए ।

अमेरिकामा
बसोबास तथा रोजगारको
सुनौलो अवसर
EDV 2025
कान्तिपुर डिजिटल कलर ल्याब
& फोटो स्टूडियो
मेनरोड बर्दिवास-१, महोत्तरी
सम्पर्क नं.:- ०४४-५५०५९५/९८५४०२०५९५




सिटी केयर हस्पिटल
HEALTHCARE & DIAGNOSTIC CENTRE PVT. LTD.
सिन्धुली रोड, बर्दिबास (राष्ट्रिय वाणिज्य बैंकको उत्तर पट्टिको हरियो भवनमा)






हाम्रो सेवाहरु
NICU & ICU सेवा सहित
– २४ सै घण्टा इमरजेन्सी सेवा
–दैनिक ओपिडि सेवा (जेनरल मिडिसिन, स्त्रीरोग, बालरोग, जेनरल सर्जरी, छालारोग र थाईरड)
– भिडियो एक्स-रे, डिजिटल एक्स-रे सेवा
– ल्याब सेवा
– अन्तरंग विभाग सेवा
होल बडी चेकअपमा २५% छुट
☎ 044-550527/9801050527/9801150527

"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT
Rs. 2800/-

WHOLE BODY CHECKUP
-CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY
Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE
Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC
Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
बर्दिबास नगरपालिका-१४, औरही रोड (महोत्तरी)
सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४

बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जीत कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बदिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com